फालेलुङ गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः (२) संख्याः (७) मितिः २०७५।०६।१०

## भाग-२

## फालेलुङ गाउँपालिका

# प्राविधिक कर्मचारी ( इन्जिनियरिङ सेवा/समुह) फिल्ड सुविधा कार्यविधि

## प्रस्तावना :

फालेलुङ गाउँपालिका भित्र सञ्चालन हुने सम्पुर्ण विकास आयोजनाको कार्यान्वयन प्रभावकारी , मितव्ययी , अनुमानयोग्य , पारदर्शि र भ्रष्टचारमुक्त बनाउन र आयोजनाको फिल्ड प्रतिवेदन , लागत अनुमान , कार्यसम्पन्न प्रतिवेदन , नापी किताव र योजना अनुगमन गर्ने गाउँकार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारीको मनोवल उच्च राख्नका लागि आयोजना व्यवस्थापन सेवा(कन्टिन्जेन्सि ) खर्च गर्ने सम्बन्धि कार्यविधिको अनुसुची १ को क्र.सं ५ मा प्राविधिक फिल्ड सुविधा शिर्षकमा विनियोजित रकमको पारदर्शी ढंगबाट खर्च गर्न गाउँकार्यपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : यस कार्यविधिको नाम प्राविधिक कर्मचारी ( इन्जिनियरिङ सेवा/समुह) फिल्ड सुविधा कार्यविधि -२०७५ रहेकोछ । यो कार्यविधि ०७५ श्रावण १ गतेबाट लागु हुनेछ ।

२. सुविधा : अनुसूची १ मा उल्लेख भए अनुसारका प्राविधिकलाई अनुसूची-२ बमोजिमको मासिक पारिश्रमिक उपलव्ध गराइनेछ ।

३. सुविधाका शर्तहरु : प्राविधिक कर्मचारीले अनुसूची २ मा उल्लेख भए बमोजिमको सुविधा प्राप्त गर्न अनुसूची ३ बमोजिमको फिल्ड आदेश स्विकृत गराई प्रत्येक महिना कम्तिमा दश दिन तोकिएको वडामा गई कम्तिमा ८ वटा योजनाको लागत अनुमान वा कार्यसम्पन्न प्रतिवेदन वा अनुगमन प्रतिवेदन पेश गर्नु पर्ने छ । बाँकी रहेको दिनको हाजिरी गाउँकार्यपालिकाको कार्यालयमा गर्नुपर्ने छ । अनुपस्थित रहेको दिन र कार्यलयको कामको सिलसिलामा अन्यत्र काज गएको अवस्थामा मासिक सुविधाबाट उक्त दिनको रकम कट्टा गरिनेछ ।  कार्यपालिकाले आवश्यकत्ता अनुसार थप जिम्मेवारी दिन सक्नेछ । तर श्रावण महिनामा योजना सञ्चालन नहुने भएकाले कुनै पनि किसिमको सुविधा उपलव्ध गराइने छैन । खाता सञ्चालकले आर्थिक वर्ष ०७५।०७६ को बार्षिक कार्यान्वयन तालिकाको कार्यान्वयनमा सहजीकरण गरे नगरेको मुल्याङ्कन गरि फिल्ड भत्ता वितरण गर्न सक्नेछ ।

मुल्याङ्कन गर्दा तोकिएको अवधिमा तोकिएको योजना कार्यक्रमको लागत अनुमान नवनाए दामासाहीले फिल्ड भत्ता बापतको रकम कट्टा गरि दिनु पर्नेछ । आयोजना कार्यान्वयन तालिकाको कार्यान्वयन गरे नगरेको विषयलाई नियमन गर्न फिल्ड सुविधा वितरणको आधारको रुपमा २५ प्रतिशत लागत आयोजना कार्यान्वयन तालिकाको कार्यान्वयनलाई राखिनेछ ।

४. खारेजी : यो कार्यविधि प्रारम्भ भए पश्चात प्राविधिक कर्मचारी ले प्राप्त गर्दै आएको अन्य सवै सुविधा खारेज भएको मानिनेछ ।

५. संशोधन : यस कार्यविधिको संशोधन वा खारेज गर्ने अधिकार गाउँकार्यपालिका सँग नीहित रहनेछ ।

## अनुसूची-१

## कार्यविधिको बुँदा (२) सँग सम्बन्धित

## सुविधा पाउने कर्मचारी

| क.सं. | विवरण |
|---|---|
| १ | गाउँकार्यपालिकाको कार्यालयमा हाजिर भइ वार्ड स्तर तथा गाउँपालिका स्तरको योजनाको लागत अनुमान , कार्यसम्पन्न प्रतिवेदन तथा अनुगमन प्रतिवेदन तयार गर्ने वा रुजु गर्ने प्राविधिक कर्मचारी ( इन्जिनियरिङ सेवा समुह ) |

## अनुसूची –२

## कार्यविधिको बुँदा (२) सँग सम्बन्धित

## प्राविधिक फिल्ड सुविधा

| क.सं. | | |
|---|---|---|
| | प्रोत्साहन | फिल्ड पोशाक |
| १ | क) राजपत्राङ्कित भए मासिक: रु ८०००।<br>ख) राजपत्र अनंकित भए मासिक रु ७०००। | बार्षिक रु ५०००। |

नोट । पोशाक भत्ता बापतको रकम बैशाख मसान्तमा मात्र निकासा गरिनेछ ।

अनुसूची –३
कार्यविधिको बुँदा (३) सँग सम्बन्धित
फिल्ड आदेश

# फालेलुङ गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय

थोक्लिम्बा पाँचथर

भ्रमण गर्ने कर्मचारीको नाम :

पद :

कार्यालय :

भ्रमणको उदेश्य :

भ्रमण महिना :

भ्रमण संख्या :

भ्रमण साधन :

भ्रमण गरिने स्थान :

भ्रमण गर्ने कर्मचारीको दस्तखत :

सिफारिस गर्ने प्राविधिक शाखा प्रमुखको नाम र हस्ताक्षर :

भ्रमण स्विकृत गर्ने

प्रमुख प्रशासकीय अधिकृत

# अनुसूची–४
# फालेलुङ गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
## थोक्लिम्बा, पाँचथर
## **प्राविधिक अनुगमन प्रतिवेदन**

अनुगमन कर्ताको नाम :

अनुगमन मिति :

आयोजनाको नाम :

आयोजना उपभोक्ता समिति अध्यक्षको नाम :

| क.सं. | विवरण | भए/नभएको | |
|---|---|---|---|
| | | भएको | नभएको |
| १ | लागत अनुमान अनुरुप कार्य भए नभएको | | |
| २ | जनसहभागिता भएको नभएको | | |
| ३ | उपभोक्ता समिति सदस्य आयोजना स्थलमा भए नभएको | | |

- आयोजना कार्यान्वयनमा देखिएको समस्या ।
    - 
    - 
- समस्या समाधान गर्न उपभोक्ता समितिलाई दिएको सुझाव ।
    - 
    - 
- उपभोक्ता समितिको गुनासो ।
    - 

प्राविधिक कर्मचारीको

नाम र हस्ताक्षर : ......................

# अनुसूची –५

## विस्तृत फिल्ड प्रतिवेदन

मिति :

| क.सं. | आयोजनाको नाम | कार्यान्वयन स्थान | विनियोजित बजेट | गरिएको कार्य | | |
|---|---|---|---|---|---|---|
| | | | | लागत अनुमान तयारी | कार्य सम्पन्न प्रतिवेदन | योजना अनुगमन तथा राय सल्लाह |
| १ | भैसे गुम्बा | वार्ड नं. | | | | |
| २ | | वार्ड नं. | | | | |
| ३ | | वार्ड नं. | | | | |
| ४ | | वार्ड नं. | | | | |
| ५ | | वार्ड नं. | | | | |
| ६ | | वार्ड नं. | | | | |
| ७ | | वार्ड नं. | | | | |
| ८ | | वार्ड नं. | | | | |
| ९ | | वार्ड नं. | | | | |
| १० | | वार्ड नं. | | | | |
| ११ | | वार्ड नं. | | | | |
| १२ | | वार्ड नं. | | | | |
| १३ | | वार्ड नं. | | | | |
| १४ | | वार्ड नं. | | | | |
| १५ | | वार्ड नं. | | | | |

पेश गर्ने प्राविधिक

सिफारिस गर्ने वडाध्यक्षहरु

नाम :

नाम र हस्ताक्षर : वार्ड नं ( )

नाम र हस्ताक्षर : वार्ड नं ( )

नाम र हस्ताक्षर वार्ड नं ( )

## अनुसूची –६

## भुक्तानी माग फारम

मिति : ..........

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यु

फालेलुङ गाउँकार्यपालिकाको कार्यालय

थोक्लिम्बा , पाँचथर

विषय : भुक्तानी दिनु हुन ।

प्रस्तुत विषयमा तपशीलका कागजातको आधारमा ........... महिनाको फिल्ड सुविधा बापतको रकम उपलव्ध गराईदिनु हुन अनुरोध गर्दछु ।

तपशील :

१. स्विकृत भ्रमण आदेश ।

२.वडाध्यक्षबाट सिफारिस भइ आएको विस्तृत फिल्ड प्रतिवेदन ।

३. अनुगमन प्रतिवेदन ।

४...........महिनाको  हाजिरीको प्रतिलिपि ।

५. अनुगमन गरिएको सम्पुर्ण आयोजनाहरुको फोटो ।

आज्ञाले

मौसम ढुङ्गेल

प्रमुख प्रशासकीय अधिकृत